STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १२ गते शनिबार ❑ 28 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## बाढीपहिरामा परी जेठ ३१ यता ८५ को मृत्यु, ४४ वेपत्ता

**रासस**
**काठमाडौं, ११ भदौ**

मनसुन शुरु भएयता (गत जेठ ३१ पछि) मुलुकभर मनसुनजन्य घटनामा ८५ जनाको मृत्यु भएको छ।

उक्त घटनामा परी अन्य ४४ जना हराइरहेका गृह मन्त्रालयले जनाएको छ। अहिलेसम्म पाँच हजार ५०० भन्दा बढीलाई उद्धार गरी सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको गृह मन्त्रालयका विपद् व्यवस्थापन महाशाखा प्रमुख होमकला पाण्डेले जानकारी दिनुभयो। गृहमन्त्रालयमा गृहमन्त्री बालकृष्ण खाँणको अध्यक्षतामा शुक्रबार बसेको विपद् व्यवस्थापनसम्बन्धी बैठकमा विवरण सार्वजनिक गर्दै उहाँले अहिलेसम्म विपद्बाट ७० जिल्ला प्रभावित भएको जानकारी दिनुभयो।

शुक्रबारमात्रै बाढीबाट ४०० जना प्रभावित भएको र उनीहरुलाई सुरक्षित स्थानमा सारिएको छ। शुक्रबार तीनको मृत्यु र तीन जना वेपत्ता भएका छन्। त्यस्तै १९ घरमा क्षति भएको जनाइएको छ। बाढी पहिराले क्षति पुर्याएको ३८ जिल्लामा पुनःनिर्माण गर्न रु एक अर्ब ११ करोडभन्दा बढी लाग्ने अनुमान गरिएको छ।

महाशाखा प्रमुख पाण्डेले बाढी पहिराका कारण आज साना ठुला गरेर २९ सडक अवरुद्ध भएको जानकारी दिनुभयो। केही खुलेका र केही खुल्न बाँकी रहेका छन्। प्राप्त विवरणअनुसार यसपालिको वर्षाका कारण कैलाली, नवलपरासी, कञ्चनपुर, कैलाली, दाङ, रौतहट, रुपन्देही, महोत्तरी, कपिलवस्तु, चितवन, खोटाङ, सिन्धुली, बाजुरालगायत जिल्ला प्रभावित भएको गृहमन्त्रालयले जनाएको छ।

वेपत्ताको खोजी र उद्धार प्रभावकारी बनाउन गृहमन्त्रीको निर्देशन गृहमन्त्री खाँणले पछिल्लो समय देशभर आएको बाढी, पहिराका कारण बेपत्ता भएकाको खोजी, प्रभावितको उद्धार तथा राहत वितरण प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ। बाढीले पूर्वपश्चिम राजमार्ग अन्तर्गत बुटवल-नारायणगढ खण्ड, तुरिया र घोडाहा खोलामा रहेको दुई पुल भत्किएको तथा सडक अवरुद्ध भएको र त्यस स्थानमा तत्काल वेलिवृज बनाउन निर्देशन दिनुभएको छ। बाढी प्रभावित ४०० परिवारलाई सुरक्षित स्थानमा राख्न र तत्काल राहत तथा उपचारको ब्यवस्था मिलाउन पनि उहाँले निर्देशन दिनुभयो। प्रभावित क्षेत्रका बासिन्दालाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न पनि उहाँले सबै सुरक्षा निकाय तथा मातहतका सम्बद्ध अधिकारीलाई निर्देशन दिनुभयो।

अवरुद्ध राजमार्गमा सवारी साधन सञ्चालनका लागि वैकल्पिक उपाय अपनाउन पनि उहाँले आग्रह गर्नुभएको छ। आजको बैठकमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, सडक विभाग, जल तथा मौसम विज्ञान विभागका अधिकारीको सहभागिता थियो।

## महिला सशक्तीकरणतर्फ जोड दिनुपर्छः मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौ**



गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले प्रशासनिक, राजनीतिक र सामाजिक क्षेत्रमा महिलाको भूमिका महत्वपूर्ण बन्दै गएको बताउनुभएको छ।

'जेसिज सप्ताह २०२१' समापन समारोहमा आज उहाँले सामाजिक सेवामा समर्पित लेडी जेसिजले महिला वर्गको नेतृत्व विकाससँगै सशक्तीकरणतर्फ लक्षित हुनुपर्ने बताउनुभयो। सामाजिक सेवा एवं विकास निर्माणमा लेडिज जेसिजलगायतका विभिन्न सङ्घसंस्थासँग हातेमालो गरेर अघि बढ्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै उहाँले महिला समाजमा देखिएका विकृति-विसङ्गतिविरुद्धमा सशक्तरुपमा आवाज उठाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। जेसिज सप्ताहअन्तर्गत प्रभावकारी भाषण कला तालिम, विद्यालयस्तरीय वक्तृत्वकला, अस्पतालका बिरामी कुरुवालाई कुर्ची तथा अन्य सामग्री वितरण,सकारात्मकसोचएवंजीवन परिवर्तन तालिम, मठमन्दिरमा आवश्यक सामग्री वितरणलगायत कार्यक्रम सम्पन्न गरिएको कार्यक्रम संयोजक लक्ष्मी कुँवर (लता) ले जानकारी दिनुभयो।

महिलाको व्यक्तित्व एवं नेतृत्व विकासमा अग्रसर बनाउने लक्ष्यका साथ २०४६ साल असार ५ गते जेसीआई पोखरा लेडीको स्थापना गरिएको उहाँको भनाइ छ।

## काँग्रेसले ३८ जिल्लामा खटायो निर्वाचत अधिकृत

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौ**

नेपाली काँग्रेसले १४औं महाधिवेशनका लागि ३८ जिल्लामा जिल्ला निर्वाचन अधिकृत खटाएको छ। महाधिवेशनका लागि पार्टी सभापति शेरबहादुर देउवाले हस्ताक्षर गरी बिहीबार ३८ जिल्लाको क्रिलाशील सदस्यताको नामावली पार्टीको केन्द्रीय निर्वाचन समितिलाई हस्तान्तरण गर्नुभएको थियो।

क्रियाशील सदस्यताको सूचि प्राप्त गरेसँगै निर्वाचन समितिले पार्टी निकट मानिने डिएलएसम्बद्ध कानून व्यवसायीमध्येबाट आज जिल्ला निर्वाचन अधिकृत खटाएको समिति संयोजक महादेवप्रसाद यादवले राससलाई बताउनुभयो। जिल्ला निर्वाचन अधिकृतले यही भदौ १८ गते हुने गाउँ/नगर, वडा अधिवेशनदेखि जिल्ला अधिवेशनसम्म निर्वाचन प्रक्रियाका काम गर्नुहुनेछ।

निर्वाचन अधिकृतले सम्बन्धीत जिल्लाका पार्र्टी सभापति, पार्टीका वर्गिय सङ्गठन र शिक्षक सङ्घसँग समन्वय गरी वडास्तरसम्म निर्वाचन अधिकृत तोक्ने उहाँले बताउनुभयो। प्रदेश अधिवेशनका लागि निर्वाचन अधिकृत पछि खटाइनेछ।क्रियाशील सदस्यताको बाँकी सूची समितिलाई शनिबार र आइतबारसम्म प्राप्त हुने बताइएको छ। बाँकी जिल्लामा क्रियाशील सदस्यताको सूचीसँगै निर्वाचन अधिकृत पनि खटाइने समितिले जनाएको छ। प्राप्त भएको क्रियाशील सदस्यताको सूची केन्द्रीय कार्यालयको वेभसाइटसमेतमा सार्वजनिक गरिएको संयोजक यादवले जानकारी दिनुभयो।

समितिले स्थल र हवाई यातायातमार्फत क्रियाशील सदस्यता नामावली सूची, पार्टीको विधान र नियमावली, निर्वाचन निर्देशिका, अधिवेशनमा निर्वाचित हुने सदस्यलाई प्रदान गर्ने प्रमाणपत्रसहितको बण्डल प्रत्येक जिल्लामा पठाउन सुरु गरिसकेको जनाएको छ।

निर्वाचन अधिकृत खटाएसँगै भदौ १८ गते तोकिएको वडाअधिवेशनका लागि नेता कार्यकर्ता जिल्ला र गाउँ फर्किन सुरु भएको छ। नविकरण र नयाँ गरी करिब नौ लाखको सङ्ख्यामा रहेका काँग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगरवडा अधिवेशनका मतदाता हुन्। क्रियाशील सदस्यले आफ्ने वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्ने पार्टीको विधानमा उल्लेख छ। काँग्रेसको १४औं महाधिवेशनअन्तर्गत गाउँ/नगर वडाअधिवेशन यही भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते हुनेछ। यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ। कांग्रेसले विधानमा टोल, वडा, गाउँपालिका/नगरपालिका, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभानिर्वाचनक्षेत्र,जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिको गरी आठ तहगत संरचनाको व्यवस्था गरेको छ। पार्टीभित्र आठ तहगत निर्वाचन हुने यस्तो संरचना बनाउने कांग्रेस मुलुकको पहिलो पार्टी बनेको छ। पार्टीको विधानअनुसार केन्द्रीय कार्यसमिति एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री, एक कोषाध्यक्ष र बाँकी सदस्य गरी कुल १६८ सदस्यीय हुनेछ।

## पोखराका पर्यटन व्यवसायी कांग्रेसमा प्रवेशः सभापति देउवाद्वारा स्वागत

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौ**

पोखराका पर्यटन व्यवसायी नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेका छन्।

पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले बालुवाटारमा शुक्रबार बिहान उहाँहरूलाई सदस्यता प्रदान गरी पार्टीमा प्रवेश गराउनुभएको हो। पार्टी प्रवेश गर्नेमा खेलाडी एवं वरिष्ठ पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, गोपीबहादुर भट्टराई, धर्मेन्द्रकुमार बाटाजु, अशोककुमार भण्डारी, जीवन भट्टराई, इञ्जिनियर विकास भट्टराई, इञ्जिनियर विशेष भट्टराई, जयराम तिमिल्सेना, सुनिलबहादुर भट्टराई, अमित थापा, सरोज भट्टराई, च्यामबहादुर गुरुङ, अमृत ढकाललगायत छन्। सो अवसरमा पार्टी सभापति एवं प्रधानमन्त्री देउवाले नेपाली कांग्रेसलाई थप बलियो बनाउनका लागि युवाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। उहाँले व्यवसायका साथसाथै जनताको सेवामा लाग्नसमेत नवप्रवेशीलाई आग्रह गर्नुभयो। कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य अर्जुन जोशी, कांग्रेस कास्कीका सभापति कृष्ण केसीलगायत सहभागी हुनुहुन्थ्यो।

पोखरा ईञ्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !

प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो।

कार्यक्रमहरु:
❖ Diploma in Computer Engineering (Overseer) 3 yrs
❖ Diploma in Civil Engineering (Overseer) 3 yrs
आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।
❖ Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।
फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।
नोटः जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ठ विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ।


विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५९२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np

## गण्डकीमा ५४५ जना कोरोना मुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ भदौ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ५४५ जना कोरोना संक्रमण मुक्त भएका छन्।

सो अवधिमा ३५० संक्रमित थपिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। प्रदेशमा २४ घण्टाको अवधिमा कोरोना संक्रमण भई ६ जनाको मृत्यु भएको स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार मृत्यु हुनेमा कास्कीका तीन, स्याङ्जाका दुई र पर्वतका एक छन्। योसँगै प्रदेशमा कोरोना संक्रमण भई मृत्यु हुनेको संख्या एक हजार २७४ पुगेको निर्देशनालयले जनाएको छ। प्रदेशमा सक्रिय संक्रमितको संख्या तीन हजार ८६० पुगेको छ भने हाल तीन हजार ४२० होम आइसोलेसनमा छन्।






# छात्रबृत्ति वितरण एवम् शिक्षक तथा विद्यार्थी सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ११ भदौ

पोखरा महानगरपालिका वडा नं १३ स्थित रतन पाण्डे माध्यमिक विद्यालयमा २०७६ र २०७७ को एसइई परीक्षामा प्रथम तथा द्वितीय स्थान प्राप्त गर्ने विद्यार्थीलाई एक कार्यक्रमकाबीच शुक्रबार सम्मान गरिएको छ।



स्व.बोधराज बराल स्मृति जेहेनदार छात्रबृत्ति कोष अन्तर्गत २०७६ सालको एसइईमा प्रथम कुशल अधिकारी, द्वितीय आशिका देवकोटा तथा २०७७ को एसइईमा प्रथम संगीता बराल र द्वितीय विनिता भुजेललाई जनही २५/२५ हजार रुपैयाँ नगद सहित सम्मानपत्रबाट पुरस्कृत गरिएको थियो । विद्यार्थीलाई पुरस्कृत गर्दै पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष लेखबहादुर तामाङ (दर्शन लामा)ले शैक्षिक गुणस्तरीयता अहिलेको आवश्यकता भएको बताउँदै गुणस्तरीयतालाई ध्यान दिन आग्रह गर्नुभयो। वडा क्षेत्रका विद्यालयको शैक्षिक गुणस्तीयता अभिबृद्धिलाई आँफूहरूले प्राथमिकतामा राखेको उहाँले बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बसन्तराज बरालले यस क्षेत्रको शैक्षिक उन्नयनमा विद्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउँदै विद्यार्थी, शिक्षक, र अभिभावकको संयुक्त प्रयासमा विद्यालयलाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

विद्यालय निरिक्षक बद्री सुवेदीले विद्यार्थीको सिकाईमा उत्प्रेरणाले महत्वपूर्ण भूमिका खेल्ने बताउँदै विद्यार्थीलाई गरिने सम्मान तथा पुरस्कारले उनीहरूलाई उत्प्रेरित गर्ने धारणा राख्नुभयो। सामुदायिक विद्यालयमा घट्दो विद्यार्थी सङ्ख्या चुनौतीका रुपमा रहेको बताउँदै उहाँले सामुदायिक विद्यालयलाई विद्यार्थी तथा अभिभावकले विश्वास गर्ने किसिमको वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो।

स्व.बोधराज बराल स्मृति जेहेन्दार छात्रबृत्ति कोषका संस्थापक डा.दीपक बरालले जेहेन्दार विद्यार्थीलाई लक्षित गरी अक्षय कोष स्थापना गरिएको बताउँदै आगामी दिनमा उक्त कोषलाई अझै बढाएर लैजान सक्ने विश्वास व्यक्त गर्नुभयो । विद्यालयका प्रधानाध्यापक डिल्लीराम बरालले विद्यालयमा शैक्षिक गुणस्तरीयता अभिबृद्धिका लागि निरन्तर प्रयास राखिएको बताउँदै यसका लागि विद्यार्थी, अभिभावक तथा जनप्रतिनिधिको साथ र सहयोग आवश्यक हुनेमा जोड दिनुभयो।

उक्त अवसरमा विद्यालयमा लामो समयदेखि शिक्षण गरी सेवा निबृत्त हुनुभएका सरस्वती बराल र सुनिता बराललाई विदाई तथा नवागन्तुक शिक्षकलाई स्वागत गरिएको थियो । कार्यक्रममा सम्मानित विद्यार्थीहरू र निबृत्त शिक्षक सरस्वती बरालले विद्यालयमा अध्ययन अध्यापन गर्दाका अनुभूति बारे बोल्नुभएको थियो । उक्त अवसरमा गोविन्द देवकोटा, पूर्व अध्यक्ष देवराज पौडेल, मीन बहादुर केसी लगायतले बोल्नुभएको थियो।



आकाशे पुलमा सेल्फी र टिकटक बनाउन उत्साहित बन्दै युवा : पोखराको सिर्जना चोकमा पहिलोपटक निर्माण गरिएको आकाशे पुलमा सेल्फी र टिकटक बनाउन युवा उत्साहित बन्दै। तस्वीर : राधिका कँडेल

# शनिबारबाट मौसममा सुधार हुने

पोखरापत्र संवाददाता
पोखरा, ११ भदौ

विगत केही दिन अगाडिबाट सक्रिय रहेको मनसुन शनिबारदेखि केही कमजोर हुने भएको छ।

न्यून चापीय रेखा शुक्रबार रातिदेखि केही तल सर्ने भएकाले मनसुनी गतिविधिको प्रभाव अलि कम हुने भएको हो । शनिबारदेखि नेपालको पूर्वी भागबाट मौसम क्रमिक सुधार हुँदै जाने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् मीनकुमार अर्याललले बताउनुभयो । "मौसममा सुधार हुने भनेर पानी नै नपर्ने हुँदैन, मनसुनको समय अझै बाँकी छ, विगत केही दिन अगाडिको जस्तै लगातारको झरी भने कम हुनेछ", उहाँले भन्नुभयो । देशभर सामान्यदेखि पूर्ण बदली तथा हल्कादेखि मध्यम र केही स्थानमा भारी वर्षाको सम्भावना कायमै रहनेछ। हाल बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा सामान्यदेखि पूर्ण बदली रही बाँकी भू-भागमा सामान्य बदली रहेको छ। त्यस्तै प्रदेश नं १, बागमती, गण्डकी तथा कर्णाली प्रदेशका धेरै स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम खालको वर्षा भइरहेको छ।

देशका अधिकांश भू-भागमा सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना साथै प्रदेश नं १, २, बागमती, गण्डकी, लुम्बिनी प्रदेशका केही र सुदूरपश्चिम तथा कर्णाली प्रदेशका एक/दुई स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ।

# खसी, बोका बिक्रीबाट करोडको आम्दानी !

तोलाकान्त बगाले
वालिङ, ११ भदौ

स्याङ्जाका गल्याङ नगरपालिका- ७ सिरौसाका २९ वर्षीय गङ्गाधर पाठकले विदेशमा आठ वर्ष श्रम गर्नुभयो।

कलिलै उमेरमा विदेशी भूमिमा पसिना बगाउनुभएका उहाँलाई आफ्नै गाउँठाउँमा व्यवसाय सुरुआत गर्न मन लाग्यो। मलेसिया, दुबई र भारतका विभिन्न कम्पनीमा रोजगारी गर्नुभएका उहाँलाई घर छोडेर टाढा विदेशी भूमिमा बस्दा मन खिन्न हुन्थ्यो । उहाँलाई परिवारसँगै बसेर केही न केही गर्न पाए हुन्थ्यो भन्ने हुटहुटीले छाडेन। यसले गर्दा उहाँ विदेश बसाइँलाई छोट्याएर आफ्नै जन्मभूमिमा फर्किनुभयो। स्वदेश फर्केपछि केही न केही व्यवसाय थाल्ने मनसायका साथ उहाँले अग्रजसँग सल्लाह तथा परामर्श लिनुभयो र गाउँमै सुन्तला तथा बाख्रापालन व्यवसाय सुरु समेत गर्नुभयो।

उहाँले आफूसँग भएको रकम र ऋण गरी झण्डै रु १४ लाखका लगानीमा 'गणेश बाख्रा फार्म' दर्तागर्नुभयो। स्थानीय तथा उन्नत जातका बाख्राका माउ पाल्न शुरु गर्नुभएका उहाँलाई त्यत्तिमै सीमित हुन मनले मानेन् । उहाँले यहाँ वरिपरि उत्पादन भएका बोका तथा पाठाको बजारीकरणमा समस्या देखेपछि गाउँगाउँमा उत्पादन भएका खसी, बोका र पाठा खरिद गरी ल्याउने र फार्ममार्फत बिक्रीवितरण गर्न थाल्नुभयो। "आफ्नो फार्ममा उत्पादन भएका खसी, बोकासँगै गाउँमा रहेका किसानका खसी, बोका सङ्कलन गरी एकै ठाउँबाट बिक्रीवितरण शुरु गरैं", युवा व्यवसायी पाठकले भन्नुभयो, "यसले गर्दा यहाँ उत्पादन भएका खसी बोकाले उचित बजार पाउने भएपछि खसी, बोका नबिक्ने समस्याको हल भएको छ।"

व्यवसाय सञ्चालन गरेसँगै उहाँले बढीमा रु दुई करोडसम्मको कारोबार र थोरैमा गत वर्ष बन्दाबन्दीका कारण रु ८० लाख बराबरको कारोबार गर्नुभएको छ । यहाँ उत्पादन भएका खसी, बोका तथा पाठा बिक्रीका लागि अहिले समस्या नभएको उहाँले बताउनुभयो । "थोरैथोरै उत्पादन हुने र बिक्री गर्नका लागि समस्या हुने रैछ, त्यस्तो अवस्थामा बजार मूल्य पनि राम्रो नपाइने हुँदोरहेछ", उहाँले भन्नुभयो, "गाउँगाउँमा रहेका फार्म तथा व्यक्ति-व्यक्तिबाट सङ्कलन गरी एकमुष्ट बिक्री गर्दा बजार दिगो हुने भएकाले व्यवसायी खोजीखोजी आउने गरेका छन् ।" यहाँ उत्पादन भएका खसी, बोका तथा पाठा काठमाडौं तथा पोखरामा खपत हुने गरेको छ । उहाँले भन्नुभयो "कामलाई सानो ठूलो नभनी फरक तरिकाले गर्नसकिएमा सफल भइन्छ ।" गल्याङ नगरपालिकाले बाख्रापालनका लागि पकेट क्षेत्र घोषणा गरेको छ। नगरपालिकाका पशु शाखा प्रमुख सुशील अर्यालले किसानलाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराएपछि अहिले फार्म खुल्ने क्रम वृद्धि भएको बताउनुभयो । विशेष गरी विदेश गएर फर्केका युवा बाख्रापालन व्यवसायतर्फ आकर्षित हुँदै गएको देखिन्छ।

# दुई हजार ६५ संक्रमित, २५ को मृत्यु

रासस
काठमाडौं, ११ भदौ

शुक्रबार एकै दिन दुई हजार ६५ जनामा संक्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार पछिल्लो २४ घण्टामा १३ हजार ११७ जनामा परीक्षण गर्दा दुई हजार ६५ जनामा संक्रमण देखिएको हो। मन्त्रालयका अनुसार सक्रिय संक्रमित ३७ हजार ५९९ रहेका छन्।

त्यस्तै ५०० भन्दा बढी संक्रमण भएका जिल्ला २० रहेका छन्। सो अवधिमा एक हजार ३३७ जना कोरोना संक्रमणमुक्त भएका छन् । अहिलेसम्म सात लाख आठ हजार २३० निको भई घर फर्किएका हुन्। संक्रमणबाट विगत २४ घण्टामा २५ जनाको ज्यान गएको छ । अहिलेसम्म १० हजार ६६३ को संक्रमणबाट निधन भएको छ । नेपालमा प्रतिदश लाखमा ३५९.४ जनाको संक्रमणको कारणले निधन हुने गरेको छ। यस्तै ६२२ सघन उपचार कक्ष (आइसियु), १७१ भेन्टिलेटर, ३४ हजार ६७३ होम आइसोलेसन, दुई हजार ९२३ संस्थागत आइसोलेसन र ३३७ संक्रमित क्वारेन्टिनमा छन्। एकैदिन आज एक लाख ७९ हजार ८६५ ले कोभिड-१९ विरुद्धको खोप लगाएका छन्।

अहिलेसम्म ५० लाख ६३ हजार ५२२ ले पहिलो मात्राको खोप र ४० लाख ५२ हजार ७६५ जनाले पूर्णमात्राको खोप लगाइसकेको मन्त्रालयले जनाएको छ।






# अविरल वर्षाले नहरमा क्षति

पोखरापत्र संवाददाता
पोखरा, ११ भदौ

अविरल वर्षाका कारण बेगनास सिँचाइ प्राणालीको पोखरा महानगरपालिका-३२ स्थित भुनभुनेको नहरमा क्षति पुगेको छ।

अत्यधिक परेको पानीसँगै नहर कटान हुँदा यहाँको करिब एक हजार ५०० हेक्टरमा लगाइएको धानखेत प्रत्यक्ष प्रभावित बनेको छ। सोमबार साँझदेखिको वर्षाले बेगनास सिँचाइ प्रणालीअन्तर्गतको बि-४ र र बि-३ नहर क्षेत्रको भुनभुनेमा करिब १५० मिटर नहर बाँध फुट्दा रु एक करोडभन्दा बढीको मर्मत खर्च लाग्ने देखिएको बि-४ शाखाका अध्यक्ष देवीलाल तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार नहरमा भएको क्षतिले यस क्षेत्रका ४५० भन्दा बढी कृषक उपभोक्ता मर्कामा परेका छन्। करिब पन्ध्र सय हेक्टरमा लगाइएको धानबाली सुक्खा हुने भएकाले शाखा-४ र शाखा-३ सिँचाइअन्तर्गतको नहरको बाँधले उच्च बहाव थेग्न नसकी फुटेर खुदीखोलामा मिसिन गएका कारण यहाँका मालमूल, सातमुहाने, झौरी, ४०० फाँट, खोलाको छेउ, खुदीखोला र राजाको चौतारालगायतका फाँटमा लगाइएको धानखेत सुक्ने अवस्थामा पुगेको स्थानीयवासीले बताएका छन्।


अस्थायीरूपमा नै भए पनि नहर तत्कालै बनाउन र खेतमा पानी पुर्‍याउन आवश्यक रहेकाले सिँचाइ कार्यालयबाट अस्थायी नहर बनाएर सिँचाइ गर्न आवश्यक रहेको शाखाका सदस्य बुद्धिसागर खनालले बताउनुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

- पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
- महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
- सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
- मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सबैमा खोपको पहुँच नै प्रभावकारी स्वास्थ्य सुरक्षा

डा पल्लवी कोइराला



सम्पूर्ण विश्वका मानव समूदाय कोभिडको चपेटामा परेको पनि एक वर्ष नाघिसक्यो।

अब त कोभिड-१९ संगसंगै बाच्ने बानी नै परिसक्यो भन्दापनि अतिशयोक्ति नहोला। समयक्रमले यो फिटेस्ट अफ द सर्भाइभल पो हो कि भन्ने भान पार्न थालिसक्यो। अनुमान नै लगाउन गाह्रो हुनेगरी नयाँ नयाँ लक्षण लिएर आफ्नो स्वरुप र सामर्थ्य परिवर्तन गर्दै हाम्रै सामू घुमिरहेको छ।

अहिलेको यो डेल्टा भेरियन्ट धेरै तिव्र गतिमा फैलिने भएको कारण एक गम्भीर समस्या बनेको छ। यो धेरै देशहरुमा हालै देखिएको समस्या हो। डेल्टा भेरियन्ट डिसेम्बर-जनवरी २०२१ मा देखिएको अल्फा भेरियन्टभन्दा भन्दा ५० प्रतिशत संक्रामक छ र मानिसहरुको बीचमा छिटो फैलन्छ। आजसम्म, डेल्टा भेरियन्ट १३२ देशहरुमा रिपोर्ट गरीएको छ र यो भेरियन्ट लामो समयसम्म फैलिरहने अनुमान गरिएको छ। प्रमाणले देखाउछ कि यो भाइरस अन्य भाइरसहरु (जस्तैः ERS, SARS, Ebola, सामान्य चिसो, मौसमी फ्लू, र Smallpox) भन्दा धेरै छिटो फैलिन्छ। यो समस्त स्वास्थ्य प्रणालीलाई चुनौती दिने खतरनाक भाइरस भेरियन्टमध्ये एक हो जुन सर्वव्यापी (Chickenpox) को रूपमा फैलिएको छ। विश्व स्वास्थ्य संगठनले डेल्टालाई 'सबभन्दा छिटो र फिट' भेरियन्ट को रुपमा मान्दछ।

भाइरस लगातार आफ्नो अनुकूल अनुसार बाँच्नको लागी क्तचबष्ल परिवर्तन गर्दछ र धेरै उत्परिवर्तन रूपहरु उदय हुन्छ। Strain स्पाइक प्रोटीनमा उत्परिवर्तन हुन्छ र यो मानव कोशिकाहरुलाई संक्रमित बनाउँछ। यसको मतलब मानिसहरु धेरै संक्रामक हुन सक्छन् अनि सजिलैसंग अरुलाई फैलाउँछन्। अध्ययन अनुसार एक औसत व्यक्ति जो डेल्टाबाट संक्रमित हुन्छ यो मूल कोरोना भाइरस तनावको माध्यमबाट एक वा दुई अन्य मानिसहरुको तुलनामा पांचदेखि आठ मानिसहरुलाई फैलाउँछ। डेल्टा भेरियन्टको एक इन्क्युबेशन अवधि मात्र चार दिन छ। यसको मतलब यो हो कि मानिसहरु छिटो संक्रामक हुन्छन् र धेरै मानिसहरुलाई संक्रमित गर्छन। डेल्टा भेरियन्टलाई कोभिड-१९ को खोप र उपचारबाट रोक्न सम्भव छैन, यद्यपि अध्ययन अझै जारी छ। यो निर्धारण गर्न गाह्रो छ कि डेल्टा भेरियन्टले भाइरसको अघिल्लो रूपहरुको तुलनामा बिरामी बनाइरहेको छ वायो मात्र धेरै कमजोर जनसंख्याको बिचमा फैलिरहेको छ जहाँ केस संख्या उच्च छ र खोप दर पनि कम छ।

एक प्रारम्भिक विश्लेषणमा, एस्ट्राजेनेका खोप रोगको विरुद्ध ६०प्रतिशत प्रभावकारी र अस्पताल भर्नाको विरुद्ध ९३ प्रतिशत प्रभावकारी देखिएको छ। जोन्सन एण्ड जोन्सनले डेल्टा भेरियन्टको विरूद्ध यसको एक चोटीको खोपबाट प्रभावकारिताको रिपोर्ट गरेको छ, जुन अन्वेषकहरु एस्ट्राजेनेका परिणामहरु जस्तै हुने अनुमान गर्छन्। डेल्टा भेरियन्ट र आउँदो महिनाहरुमा उदय हुने अन्य भेरियन्टको विरूद्ध बैज्ञानिकहरु यो भेरियन्टसंग सुरक्षा पाउन बूस्टर शट परीक्षण गरिरहेका छन्। त्यहाँ लक्षणहरुको अध्ययन गर्दा मूल कोरोनाभाइरस भन्दा लक्षण फरक छन्। खोकी र गन्ध हराउने लक्षण सामान्य छ। टाउको दुख्ने, घाँटी दुख्ने, नाक बग्ने, र ज्वरो जस्ता लक्षण बढी देखा परेका छन्।

यदि तपाइँ भीडभाडमा हुनुहुन्छ, सम्भावित रूपमा खोप नलागेका मानिसहरुसंग सम्पर्कमा रहनुपर्दा तपाइँ आफ्नो मास्क राम्ररी लगाउनुस् र सामाजिक दूरी राख्नुहोस्। यदि तपाइँ खोप र खोपको लागी योग्य हुनुहुन्छ भने, तपाइँले गर्न सक्ने सबैभन्दा राम्रो कुरा खोप लगाउनु हो। अनुहारको मास्कले अतिरिक्त सुरक्षा प्रदान गर्न सक्छ र डब्लूएचओले खोप लगाएका मानिसहरु माझ मास्क लगाउन प्रोत्साहित गरेको छ। दुबै खोप लगाईएको र खोप नलागेका व्यक्तिहरुलाईउच्चप्रसारणकोक्षेत्रहरुमा सार्वजनिक इनडोर सेटिंग्समा अरुको लागि, विशेष गरी जो प्रतिरक्षा सम्झौता गरीएको, खोप नलगाईएको, वा जोखिममा गम्भीर रोगसंग लडिरहेका ब्यक्तिको रक्षा गर्नको लागि मास्क लगाउनको लागि सुझाब दिएको छ।

केहि अनुसन्धान अनुसार डेल्टा भेरियन्ट खोप नलगाएका व्यक्तिहरुमा अघिल्लो उपभेदहरुको (strain) तुलनामा अधिक गम्भीर रोगको कारण हुन सक्छ। डेल्टा संस्करणको बढ्दो प्रसार संगसंगै पूर्ण रुपमा खोप लगाइएको व्यक्तिबाट अरुमा फैलिन भने सक्दछ। बढेको फैलावट, रोगको गम्भीरता र र घट्दो रोग संग लड्न सक्ने प्रतिरोधात्मक क्षमताले डेल्टा भ्यारिएन्टलाई विशेष गरी खतरनाक बनाउँछ। खोप लगाएको र खोप नलगाईएका व्यक्तिहरुको लागी भाइरसको संक्रमणको सम्भावना लगभग उस्तै छ। विश्व स्वास्थ्य संगठनले डेल्टा भेरियन्टलाई ख्बचष्बलत या ऋयलअभचल घोषणा गरिसकेको छ। संयुक्त राष्ट्र स्वास्थ्य एजेन्सीले सर्वब्यापी रुपमा फैलिएर अनगिन्ति मान्छेको ज्यान लिएको महामारी विषाक्ततामा वृद्धि वा सार्वजनिक स्वास्थ्य उपाय वा उपलब्ध निदान, खोप, र चिकित्साको प्रभावकारितामा कमीको आधारमा यो भेरियन्टलाई ख्बचष्बलत या ऋयलअभचल भनिएको हो।

सरकारले संक्रमणको तेस्रो वा चौथो घातक लहरबाट बच्न खोपलाई प्राथमिकीकरणमा राखी, सबैको पहुँचयोग्य बनाउनु जरुरी छ। सबै विकासको केन्द्रबिन्दु नै जनता हुन। विकासको अन्धाधुन्ध दौडमा हामीले आफ्नै स्वास्थ्य सुरक्षा र शान्ति विर्सियौं भने आजको पुस्ता ता महामारीमा नराम्ररी फस्छौं नै भोलीको पुस्ताको भविष्य समेत अन्यौल र अनिश्चित बनाउनेछौं। त्यसमाथि हामी धेरैजना स्वयम् गुगल डाक्टर बनेर सानो रोगलाई पनि क्रोनिक बनाउने गल्ति गरिरहेका हुन्छौं। दोबाटोमा गफिएर रोगको अनेक अनुमान लगाउछौ तर चिकित्सकको परामर्श लिन अल्छी गर्छौं। अन्तिम अवस्थामा मात्र सिरियस हुने हाम्रो बानिले कतिपय अवस्थामा नराम्रो दुर्घटना गराउछ अनि दोष सबै चिकित्सकतिर खन्याउछौ। यसले हुन्छ के ? क्षति त सबैको हुन्छ। समय मै सबै संवेदनशिल बनौं।

अहिले नै यो महामारी छिट्टै उन्मूलन हुन्छ भन्ने अकल्पनीय आशा राख्न सक्ने अवस्था छैन। त्यसैले नागरिक समाजबाट अरु कार्यहरु थाती राखेर सरकारलाई खोप सुनिश्चिततामा दवाब दिनु जरुरी छ। हाम्रो र हाम्रो समुदायको सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी एक पटक फेरी, आफ्नै हातमा छ।

-(डा कोइराला कलेज अफ मेडिकल साइन्स, भरतपुरमा कम्युनिटी मेडिसिन तेस्रो वर्ष अध्ययनरत छिन) सभारः स्वास्थ्य खबर

# सुत्केरीको मृत्यु

पोखरापत्र संवाददाता
गोरखा, ११ भदौ

गोरखामा एक सुत्केरीको मृत्यु भएको छ।

चुमनुब्री गाउँपालिका-६ चुम्चेतकी २५ वर्षीया हिसे डोमा लामाको समयमा उद्धार हुन नसक्दा बिहीबार मृत्यु भएको गाउँपालिकाकी उपाध्यक्ष कुमारी गुरुङले जानकारी दिनुभयो। उद्धारका लागि गएको हेलिकप्टर नपुग्दै उनको मृत्यु भएको उहाँले बताउनुभयो।

बुधबार राति सुत्केरी भएकी लामाको सालनाल नझरेपछि हेलिकप्टरमार्फत उद्धारका लागि गाउँपालिकाले बिहीबार करिब १२:३० जिल्ला प्रशासन कार्यालयमा खबर गरेका थिए।

सुत्केरीको उद्धारका लागि महिला, बालबालिका तथा जनसङ्ख्या मन्त्रालयले करिब ३ बजे नेपाली सेनाको हेलिकप्टर पठाएको थियो। तर हेलिकप्टर नपुग्दै उनको मृत्यु भएको उपाध्यक्ष गुरुङले बताउनुभयो।

उद्धार प्रक्रिया पनि झण्झटिलो भएकाले समयमा हेलिकप्टर झिकाउन नसकिएको उहाँको भनाइ छ। "प्रक्रिया पूरा गर्दैमा चार घण्टा जति बित्यो होला", उहाँले भन्नुभयो, "सबै निकायबाट जतिसक्दो छिटो प्रयास गरेको भए पनि सुत्केरी बचाउन सकिएन।" बाक्लो हुस्सुका कारण मन्त्रालयले पठाएको हेलिकप्टरसमेत अवतरण गर्न समस्या भएकाले पनि उद्धारमा थप ढिलाइ हुँदा सुत्केरीको ज्यान गएको उहाँको भनाइ छ। सडक सञ्जालसँग नजोडिएको उत्तरी गोरखाको सो गाउँपालिकामा प्रसव व्यथा लागेका महिलालाई हेलिकप्टरमार्फत सुत्केरी गराउन काठमाडौँ पठाउनुको अर्को विकल्प छैन।

# बागलुङका ठूला आयोजना : न काम, न कारबाही

–खेमराज गौतम
बागलुङ, ११ भदौ (रासस)

धौलागिरि अस्पतालको 'सी' ब्लक भवन निर्माण सुरुआत भएको आठ वर्ष बित्दासमेत सम्पन्न हुन सकेको छैन।

यस अवधिमा निर्माण व्यवसायीलाई कारबाहीको माग गर्दै बागलुङका सांसद प्रधानमन्त्रीदेखि मन्त्रीलाई समेत भेट्नुभयो। प्रदेशसभा सांसद इन्द्रलाल सापकोटाले गण्डकी प्रदेशको पहिलो बैठकमा अस्पताल निर्माणको जिम्मेवारी पाएको आशिष/मिलिनियम र भीम ज्योति जेभीका प्रतिनिधि शीतल ढकाललाई कारबाहीको माग गर्नुभयो। उहाँले कारबाहीको माग गरेको नै चार वर्ष पुग्न थालेछ।

अस्पताल मात्रै हैन, जिल्लामा सञ्चालित अन्य ठूला आयोजनाका ठेकेदार न समय निर्माणको काम पूरा गर्छन्, न उनीहरूलाई कारबाही नै हुने गरेको छ। ट्र्याक खुलेको २५ वर्ष बित्दासमेत कालोपत्रे गर्न नसकेको मध्यपहाडी लोकमार्गका दुई निर्माण व्यवसायीले समेत म्याद थप गर्दै रकम बुझ्दै गरेका छन्। पटक-पटक सङ्घीय संसद् र प्रदेशसभामा लोकमार्गका ठेकेदारलाई कालोसूचीमा राख्न सांसदले माग उठाइरहे पनि कतै सुनुवाइ भएको देखिँदैन।

निर्माण कम्पनीलाई न त काम नै गराउन सकिन्छ, न सरोकारवालाले कालोसूचीमा राखेर पुनः ठेक्का लगाउन सक्छ। कारबाही गर्ने, कालो सूचीमा राख्ने, ठेक्का रद्द गर्ने त कहाँ हो कहाँ ? उल्टै निर्माण व्यवसायी पोस्ने काम भइरहेको प्रदेशसभा सदस्य सापकोटाको गुनासो छ। "प्रदेशसभाको पहिलो बैठकमा अस्पतालको ठेकेदारलाई कारबाही गर्न माग गरेको थिए, चार वर्ष बितेछ", उहाँले भन्नुभयो, "ठेकेदारले कर्मचारीको मिलेमतोमा म्याद थप गर्दै आयोजना अलपत्र पार्दै आएका छन्, उनीहरूले कि काम गर्नु पर्‍यो हैन भने हटाएर नयाँ निर्माण व्यवसायी ल्याउन सरकार र यसका संयन्त्र चुकिरहेको छ।" जिल्लाबाट निर्वाचित अधिकांश सांसदका संसद् मा सधैँ गुनासो हुन्छ। ठेकेदारले काम नगर्दा आफूहरू समेत बदनाम हुने गरेको विषय राखेका पनि छन् तर, माथिल्लो तह र कर्मचारीबाट तिनै ठेकेदारलाई कारबाहीको सट्टा म्याद थप मात्रै गर्ने प्रवृत्ति मौलाउँदा अस्पताल भवन, लोकमार्गको बागलुङ बजारदेखि घोडाबाँधे खण्डको २५ किलोमिटर सडक, अर्को राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको कालीगण्डकी करिडोरको बागलुङखण्डको दूरावस्था, बलेवा विमानस्थलकोधावनमार्गकालोपत्रेमा ढिलाइ भएको छ भने बसपार्कको काम तीन पटक म्याद थप गरेपछि बल्ल अन्तिम चरणमा आएको छ। यसरी जिल्लामा सञ्चालित साना ठूला आयोजना समयमै सकिएको सायदै छैन। यसको मुख्य कारण सरोकारवाला निकायभन्दा निर्माण व्यवसायी शक्ति र पहुँचवाला भएको प्रष्ट देख्न सकिन्छ। राजनीतिक आडमा ठेक्का हत्याउने, केन्द्रीय नेता र कर्मचारीसँग मिलेमतो गरेर म्याद थप्दै आयोजना लम्बाउने कार्य हुँदै आएको अधिकारकर्मी राम शर्माले बताउनुभयो। "राजनीतिक आडमा ठेक्का ल्याउने निर्माण व्यवसायीको पुरानै शैली हो, ठेक्का घटाएर ल्याउने काम गुणस्तरहीन हुने, समयमै नसकिने ठेकदार र कर्मचारी मोटाउँदै जाने हुन्छ", उहाँले भन्नुभयो, "न त अहिलेसम्म बागलुङका कुनै आयोजनामा लापर्बाही गर्ने निर्माण व्यवसायीलाई कारवाही भएको छ, न समयमै निर्माण सकिएको छ, यसले सरोकारवालाको विकासप्रतिको चरम उदासिनता मात्रै देखाउँछ।"

विसं २०७० असारमा तीन वर्षमा निर्माण सक्ने गरी सुरु भएको ४० कोठे अस्पताल भवन पटक/पटक म्याद थप्दा समेत सम्पन्न नहुँदा अस्पतालले गुणस्तरीय सेवा दिन असहज भएको छ। कोरोना महामारीका कारण अस्पतालमा बिरामीको चाप भए पनि सि ब्लक भवनलाई ल्याएका सामाग्री थन्काएर राख्नु परेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केबी रानामगरले बताउनुभयो।

विसं २०७० असार ३ मा तीन वर्षमा निर्माण सक्ने गरी आशिष/मिलिनियम र भीम ज्योति जेभीले भवन निर्माणका लागि भ्याटबाहेक रु १० करोड छ लाख ६६ हजार ६५५ लाखमा अस्पतालको 'सी' ब्लक ठेक्का सम्झौता गरेको थियो। जिल्लाको भविष्यसँग जोडिएको लोकमार्गको २५ किलोमिटर सडक दुई भागमा विभाजन गरेर ठेक्का भएको थियो। उपल्लाचौरदेखि अक्षेते-बिहुँ खण्ड २०७३ माघ १४ गते भारत सिद्धिसाई जेभीले १३ किलोमिटर र बिहुँ घोडाबाधे खण्ड २०७२ माघ १० गते एमपी/एससिएफ/इसीसी जेभीले १२ किलोमिटर सडक दुई वर्षमा सडक कालोपत्रे गर्ने ठेक्का सम्झौता गरिएको थियो तर, पटक पटक म्याद थप्दासमेत आयोजना अझै सकिएको छैन।

सोही ठेकेदारलाई म्याद थप गरिँदै आइएको छ। उनीहरूलाई कालोसूचीमा राखेर नया ठेक्का लगाउनुपर्ने स्थानीयको माग रहेको भए पनि आयोजना कार्यालयले भने लागत अनुमान बढेर जाने जवाफ दिँदै आएको छ। लोकमार्ग आयोजना कार्यालय पर्वतका प्रमुख मेघराज मरासिनीका अनुसार बागलुङ घोडाबाँधेसम्मको दुई निर्माण व्यवसायीसँगको ठेक्का पुस मसान्तसम्म थप गरिने बताउनुभयो। कोरोनाका कारण सरकारले छ महिना म्याद थप्ने प्रावधानअनुसार म्याद थपको कार्यमा गएको उहाँको भनाइ छ। उहाँका अनुसार उनीहरूलाई कारवाही गरेर नयाँ ठेक्कामा जादा आयोजना झनै लम्बिने भएकाले पुस मसान्तभित्र आयोजना सक्न निर्देशन गरिएको छ। जिल्ला सदरमुकामदेखि घोडाबाँधे सम्मको सडक अहिले कालोपत्रे गर्ने योजना भए पनि बर्सातका कारण दुई किलोमिटर मात्रै कालोपत्रे भएको छ।

# मोटरमार्गका अध्यक्षसहित पाँच व्यक्तिउपर आरोपपत्र दायर

पोखरापत्र संवाददाता
दमौली, ११ भदौ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तनहुँको सहिद लालध्वज मार्गमा गैरकानुनी लाभ तथा हानी-नोक्सानी गरी भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन अध्यक्षसहित पाँच व्यक्तिउपर विशेष अदालतमा आरोपपत्र दायर गरेको छ।

आयोगले सहिद लालध्वज मार्ग उपभोक्ता समितिका तत्कालीन अध्यक्ष डिल्लीराम अधिकारी, कोषाध्यक्ष ममिता गुरुङ, भीमबहादुर गुरुङ, तत्कालीन सदस्य गणेशकुमार गुरुङ र तत्कालीन प्रोपराइटर विनोद श्रेष्ठउपर बिहीबार अदालतमा आरोपपत्र दायर गरेको हो। आयोगले निजहरूबाट रु ११ लाख ३४ हजार ५०० बिगो असुलको माग गरेको छ। तत्कालीन अध्यक्षसहित तीन व्यक्तिलाई रु सात लाख ६६ हजार ७००, सदस्य गुरुङलाई रु एक लाख १९ हजार ४०० र प्रोपराइटर श्रेष्ठलाई रु दुई लाख ४८ हजार ४०० बिगो माग गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद रिसालले जानकारी दिनुभयो।

तनहुँको कोत्रे र थप्रेक जोड्ने सडकमा कटिङ तथा ग्राभेल गर्ने गरी शुक्लागण्डकी नगरपालिकाबाट विनियोजन गरिएको रकम ग्राभेल गर्दा अन्तर्राष्ट्रिय प्राविमाथिको स्थानीय स्रोत उत्खनन गरी पैसा नलाग्ने माटो लगेर ग्राभेल गरेको तर बिल भर्पाइ फर्जी बनाएको आरोप लागेको छ।

# मलद्वार फाटेको शल्यक्रिया

पोखरापत्र संवाददाता
दमौली, ११ भदौ

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ स्थित जीपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा मलद्वार फाटेको एक बिरामीको शल्यक्रिया गरिएको छ।

केन्द्रका एनेस्थेसियोलोजिष्ट डा रमेश घिमिरे र सर्जन डा परिवर्तन बरालले स्थानीयबासी ६७ वर्षीया महिलाको पहिलोपटक हालै सफल शल्यक्रिया गर्नुभएको हो। डा बरालले ढाडमा सुई लगाई लठ्याएर शल्यक्रिया गरिएको र धेरै कब्जियत भएकालाई यस्तो समस्या आउने बताउनुभयो। उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले पहिलोपटक मलद्वार फाटेको शल्यक्रिया गरिएको र अब यसलाई बिस्तारै निरन्तरता दिइने जानकारी दिनुभयो। उपचार केन्द्रमा हाडजोर्नी विशेषज्ञ डा विद्याभूषण ताम्राकारबाट हाडजोर्नीको शल्यक्रिया नियमित रुपमा भइरहेको जनाइएको छ।

अस्पतालमा तीन विशेषज्ञ र नौ मेडिकल अधिकृत कार्यरत छन्। अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नसारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ। अस्पतालमा १० देखि ४ बजेसम्म ओपीडी, चौबिसै घण्टा आकस्मिक, प्रयोगशाला, भिडियो एक्स-रे, माइनर अप्रेसनलगायतका सेवा दिइरहेको छ। पचास शय्याको अस्पतालमा सवारी दुर्घटनाका घाइतेको अलावा पखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामीहरू नियमित आउने गरेका छन्। दक्षिण एशियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रुपमा स्थापना गर्न सरकारले केही वर्षअघि पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाका नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। सोही अनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा सात सय ४० रोपनी जग्गा उपचार केन्द्रका नाममा प्रदान भइसकेको छ। अस्पतालमा जिल्लाका शुक्लागण्डकी र भीमाद नगरपालिका, म्याग्दे र रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाबाट सेवा लिन आउँछन्।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : मन चञ्चल |
| सिंह | : झमेला बड्ने | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


## श्री मालपोत कार्यालय कास्कीबाट जारी भएको संशोधन सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

**गण्डकी प्रदेश, कास्की जिल्ला, साविक पोखरा महानगरपालिका वडा नं. १७ बस्ने विनोद कुवँरले मेरो हक भोगमा रहेको साविक लुकुम्स्वाँरा वडा नं. १, कि.नं. ३४१९ क्षेत्रफल ०-४-०-० (हाल भिडि आएको पोखरा-१७ कि.नं. १८०, क्षेत्रफल १३१.२० ब.मि.) को जग्गा धनी प्रमाणपुर्जामा मेरो नाम विनोद कुवँर हुनुपर्नेमा लक्ष्मण कुवँर भै फरक परेको हुँदा उल्लेखित कित्ता नं. भएको जग्गाको श्रेस्ता पुर्जामा मेरो नाम विनोद कुवँर ना.प्र.नं ४६१००११२४२१ र जारी मिति २०६७/०५/२१ कायम गरी संसोधन गरी पाऊँ भनी द.न. २५० मिति २०७८/०५/०९ मा पोखरा महानगरपालिका वडा नं. १७ कार्यालयको सिफारिस संलग्न गरी निवेदन गरेको हुँदा, यो संसोधन सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा माग दावी अनुसार साविक लुकुम्स्वाँरा वडा नं. १, कि.नं. ३४१९ क्षेत्रफल ०-४-०-० (हाल भिडि आएको पोखरा १७ कि.नं. १८०, क्षेत्रफल १३१.२० व.मि.) को जग्गा धनी प्रमाणपुर्जामा जग्गा धनीको नाम थर विनोद कुवँर ना.प्र.न. ४६१००११२४२१ र जारी मिति २०६७/०५/२१ कायम हुनेगरी संसोधन गर्दा कोही कसैको हक स्वामित्वमा असर पर्छ पर्दैन असर पर्ने भए स-प्रमाण सूचनाको म्यादभित्र उजुरी, हकदावी गर्न आउनुहोला। अन्यथा नियमानुसार भई जाने व्यहोरा सम्वन्धित सबैको लागि यसै सूचनाद्धारा सूचित गरिन्छ।**

**ईति सम्बत २०७८ साल भाद्र महिना १० गते रोज ५ शुभम्।**

# सङ्घर्षका पाइला : 'जसले विदेशको जागिर छाडेर गोठालो पेसा रोजे'

–कमल खत्री
बेनी, ११ भदौ (रासस)

रघुगङ्गा गाउँपालिका-८ पात्लेखर्कस्थित छिसखर्कको भेडीगोठमा व्यस्त रहनुभएका मिलन छन्त्याल ४५ वर्ष उमेर पार गर्नुभयो । युवा अवस्थाको करिब १५ वर्ष प्रवासमा जीवन बिताउनुभएका छन्त्याल विगत पाँच वर्षदेखि गाउँका पाखापखेरा र वनजङ्गलतिर भेडीगोठमा व्यस्त हुनुहुन्छ । युवा अवस्थाको प्रवासी समय मलेसियाका ठूला शहरमा बिताउनुभएका छन्त्यालले आत्मनिर्भरताको बाटो पहिल्याउँदै कठिन र सङ्घर्षयुक्त पेसा भए पनि आफ्नै जन्मथलोको सम्भावनालाई सम्हाल्न पुग्नुभएको हो । "वर्षौं विदेशमा बसेँ, आम्दानी सन्तोषजनक नै थियो, तर घरपरिवार सबैबाट टाढा सधैँभरि भइरहन मन लागेन, विकसित मुलुकको जीवनशैलीमा घुलमिल भए पनि त्यसलाई त्यागेर जङ्गलको गोठको दैनिकीलाई रोजेको हुँ", उहाँले भन्नुभयो । भेडापालन फार्म नै दर्ता गरी व्यावसायिक भेडापालन सुरु गर्नुभएका छन्त्यालको फार्ममा अहिले २५० बढी भेडाबाख्रा छन् । घरमा पुर्ख्यौलीरुपमा हुँदै आएको निर्वाहमुखी भेडाबाख्रापालनमा करिब रु सात लाख बढी लगानी थपेर भेडाबाख्राको सङ्ख्या बढाएको छन्त्यालले बताउनुभयो ।

पाँच वर्षदेखि भेडापालन गर्दै आउनुभएका उहाँले वनजङ्गलमा घुम्ती गोठ राख्दै आउनुभएको छ । भेडापालनबाट सन्तोषजनक आम्दानी हुने बताउनुहुने उहाँले उत्पादन भएका भेडाबाख्राका लागि बजारको अभाव नभएको अनुभव सुनाउनुभयो । उहाँका अनुसार, भेडा, खसी, साँढे, बोका खरिदका लागि ग्राहक गोठमा नै पुग्ने गरेका छन् । प्रवासबाट गाउँ फर्किएपछि गोठालो दैनिकीमा पस्नुभएका छन्त्यालले आफ्नै ठाउँमा स्वरोजगार बन्न पाउँदा खुसीको महसुस हुने गरेको बताउनुभयो ।

"स्वदेशमा रहँदा यहाँका सम्भावनालाई ख्यालै गरिएन, बाउबाजेले सम्हालेका गोठबाट पनि आम्दानी गर्न सकिन्छ भन्ने अठोट लिएर विदेशको फन्को मारेर गोठमा फर्किएको हुँ, विकसित मुलुकको जीवनशैलीबाट अनकन्टार जङ्गलका यात्रा पक्कै कठिन थिए, तर आजभोलि सामान्य लाग्छ", उहाँले भन्नुभयो । पात्लेखर्ककै दानबहादुर गर्बुजाले पनि प्रवासमा आर्जन गरेको कमाईलाई गाउँमै भेडापालनमा लगानी गर्नुभएको छ । रोजगारको सिलसिलामा आठ वर्षसम्म इराक बसेर फर्कनुभएका गर्बुजाले रु १३ लाखको लगानीबाट भेडापालन व्यवसाय सुरु गर्नुभएको थियो । भेडापालन थालेको पाँच वर्षमा उहाँको गोठमा भेडाको सङ्ख्या २५० नाघेको छ । हरेक वर्ष आठदेखि १० लाखसम्मका भेडा गोठबाट बिक्री हुँदै आएका छन् । एक सयको हाराहारीमा वार्षिकरुपमा भेडा गोठमा थपिन्छन् । "स्वदेश फर्किएपछि आफ्नै ठाउँमा स्वरोजगार बन्न अभिप्रायले भेडापालन थालेको हुँ, अनकन्टार जङ्गल र हिमालका काखसम्म गोठ लैजाने गर्छौं, सोचेजस्तो सजिलो त छैन भेडीगोठ तर आफ्नै ठाउँमा आत्मनिर्भर बन्ने र रोजगारसमेत सिर्जना हुने पेसा अगाल्न पाएकामा सन्तुष्ट छु", गर्बुजाले भन्नुभयो ।

यहाँका भेडीगोठ छिसखर्क हुँदै चौरवन, च्यामली, रिखार हुँदै धौलागिरि हिमालको आधार शिविरसम्म लैजाने गरिन्छ । घुम्ती भेडीगोठमा बस्नेका लागि सञ्चारको पहुँचभन्दा टाढा, वनजङ्गल र भिरपहराको दैनिकी निकै कष्टकर र सङ्घर्षमय हुन्छ । खाद्यान्न सामग्री लिनका लागि गाउँ झर्नेबाहेक अन्य चाडपर्वदेखि सबै समय गोठमै व्यथित गर्नुपर्छ । गोठको दैनिकी सामान्य जीवनशैलीभन्दा भिन्न हुन्छ । यस्तै भिन्न जीवनशैलीमा घुलमिल भएको छ, ४२ वर्षीय जगत पुनको दैनिकी पनि । रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका पुनले पनि विदेशको हण्डर खाएपछि गोठाला जीवन सुरु गर्नुभएको हो । मलेसिया र कतारको आठ वर्ष लामो वैदेशिक रोजगारबाट रित्तो हात घर फर्कनुभएका पुनले आफ्ना दाजुको सहयोगमा ३० वटा भेडा खरिद गरेर भेडापालन थाल्नुभएको थियो । "अरुको देशमा धेरै पसिना बगाए, भनेजस्तो कमाइ भएन, घर फर्कंदा मसँग केही थिएन, आफ्नो पाखाबारीमा पसिना बगाउने निधो गरी रित्तो हात नै आएको हुँ, अहिले मसँगै १७० वटा भेडा छन्, विदेशको हण्डरभन्दा यहाँ जङ्गल र भिर पहाडमा घुम्ती गोठको सङ्घर्षमा आनन्दित छु", पुनले भन्नुभयो । उहाँले अहिले भेडापालनबाटै परिवारको जीविकोपार्जन गर्नुहुन्छ । सात वर्षदेखि भेडापालन गर्दै आउनुभएका उहाँले भेडापालनबाट भएको आम्दानीलाई समेत भेडाबाख्राको सङ्ख्या बढाउन लगानी गर्दै आउनुभएको छ । उत्पादन भएका भेडाबाख्रा बिक्रीका लागि बजार खोज्दै जानुपर्ने झण्झट छैन उहाँलाई । भेडा, बाख्रा खरिदका लागि उपभोक्ता गोठमै पुग्छन् । चाडपर्वको समय र थानमा भाकल चढाउने समयमा गोठमा रहेका भेडाबाख्रा, बोका र साँढको खरिदका लागि उपभोक्ता गोठमै उक्लने गरेको पुनको भनाइ छ ।

"सहरको जस्तो सुखसयल त यहाँ छैन, तर आफ्नै ठाउँमा ढिँडो र फाँडो खान किन नपरोस्, खुला आकासमुनि बस्न किन नपरोस्, विदेशमाभन्दा यही नै खुसी छु, पौरखका लागि पसिना बगाएको छु", उहाँले भन्नुभयो । पुनका बाजेको पुस्ताले पनि भेडापालन गरेका थिए । बुबाको पालामा छाडेको भेडापालनलाई पुनःसुरु गर्नुभएका पुनलाई उहाँका घरपरिवारले राम्रो साथ र सहयोग दिएका छन् । छोराछोरी र श्रीमतीले गोठमा आलोपालो गरेरै भए पनि एक्लो हुन नदिएको पुनको भनाइ छ । गर्मी याममा हिमालको फेदीसम्म पुराउने भेडागोठ हिउँदमा बैंसीका फाँटसम्म झार्ने गरिन्छ । म्याग्दीको उच्च हिमाली भेग भेडापालनका लागि सम्भावनायुक्त छन् ।

**अस्थायी आश्रयस्थलको माग**

बढ्दो आधुनिकता र वैदेशिक रोजगारका कारण सङ्कटमा परेको परम्परागतरुपमा हुँदै आएको घुम्ती भेडाबाख्रापालनलाई व्यवस्थित बनाउन यहाँका किसानले माग गरेका छन् । परम्परागत घुम्ती गोठको अवस्थालाई सुदृढ गर्न नसकेका कारण गोठ बस्ने चलन हराउँदै जान थालेकाले यसको व्यवस्थापनका लागि घुम्ती गोठमा अस्थायी टहराको निर्माण गर्नुपर्ने उनीहरूको माग छ । वर्षात् र हिउँ पर्ने समयमा गोठको जीवन अति कष्टकर हुने भएकाले घुम्ती गोठ रहने क्षेत्रमा आश्रयस्थल बनाइदिए आफूहरूलाई सहज हुने भेडापालक किसान मिलन छन्त्यालको भनाइ छ । "हामी पैसा कमाउनका लागि मात्रै गोठ चलाएका होइनौँ, आफ्ना पुर्खाले गरेको पेसाको निरन्तरताका लागि पनि गोठ बस्ने आँट गरेका हौँ, तर अहिलेसम्म सरकारी तवरबाट उल्लेख्य साथ र सहयोग पाएका छैनौँ", उहाँले भन्नुभयो । परम्परागतरुपमा चोयाँको मान्द्रोको गोठ बनाउने चलन छ । चोयाको मान्द्रोले दुई पाखा बनाएर गोठ बनाउँदा पानी नचुहिने भएकाले गोठका लागि मान्द्रो उपयोगी बन्दै आएको छ । पछिल्लो समय मान्द्रो बुन्ने पेसा र सीप हराउँदै जान थालेकाले कतिपय गोठमा शहरबाट त्रिपाल खरिद गरी प्रयोग गर्ने गरिएको छ । घुम्तीरुपमा सञ्चालन हुने र चरनखर्कमा गोठ सारिरहनुपर्ने भएकाले सरकारी तवरबाट टिनको अस्थायी टहरा निर्माण गरिदिए आफूहरूलाई राहत हुने चिमखोलाका भेडापालक कृषक जगत पुन बताउनुहुन्छ ।

**रोग लागेमा उपचारको अभावले ठूलो नोक्सानी**

मिलन छन्त्यालको गोठमा गत वर्ष १०० नयाँ भेडाबाख्रा जन्मिएका थिए । तर आधाभन्दा बढी छेराउटे रोग लागेर मरे । हरेक वर्ष गोठमा जन्मिएका भेडाबाख्रामध्ये आधाको हाराहारीमा विभिन्न रोग लागेर मर्ने गरेको छन्त्यालको भनाइ छ । "अनकन्टार जङ्गलबाट औषधिको खोजी कहाँ गर्नु, यता गोठ छाडेर शहर पुगेर औषधि ल्याउन सक्ने अवस्था नै हुँदैन, गोठमा सरकारी निकायबाट अहिलेसम्म कोही आएका छैनन्, रोग लागेमा स्थानीय जडीबुटी खुवाउने हो, कहिले त निको हुन्छ, कहिले औषधि नमिलेर होला झन समस्या बढ्दै जान्छ", उहाँले भन्नुभयो ।

चिमखोलाका जगत पुनको भेडागोठमा पनि हरेक वर्ष रोग लागेर भेडाबाख्राका पाठापाठी ठुलै सङ्ख्यामा मर्ने गरेका छन् । रोगको उपचार समयमै गर्न नसक्दा आफूहरूले ठूलो आर्थिक क्षति व्यहोर्दै आएको पुनको भनाइ छ । दुर्गम र विकट क्षेत्रमा हुँदै आएका भेडापालनमा जङ्गली जनावरको आक्रमण अर्को समस्या हो । जङ्गलका बिचबिचमा गोठ राखिने भएकाले गोठको सुरक्षामा कुकुरको सहारा लिने गरिन्छ । गोठाला र कुकुरको निगरानीका बिचमा पनि बाघ, भालुले चरणक्षेत्र र गोठमै आएर भेडाबाख्रा खाने गर्छ । कृषकसामु पशु बीमाको पहुँच नपुगेको कारण जङ्गली जनावरको आक्रमण, रोगको सङ्क्रमण, बाढी, पहिरो र चट्याङ लागेर भेडाबाख्रा मर्दा उनीहरूले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने बाध्यता छ ।

**गाउँपालिकाले दियो औषधि र उपकरण**

भेडापालनका लागि सम्भावनायुक्त मानिएको म्याग्दीको रघुगङ्गा गाउँपालिकाले भेडापालक कृषकलाई औषधि र मेसिन उपकरण सहयोग गरेको छ । गत आवमा गाउँपालिको भेडापालन कार्यक्रमबाट रु १८ लाख ६६ हजार बराबरको औषधि, उन काट्ने र खसी बनाउने मेसिनलगायतका सामग्री सहयोग गरेको हो ।

गाउँपालिकाभित्र रहेका सबै भेडापालन गर्ने कृषकलाई समेटेर समूह गठन गरी गोठ सुधार, गोठका लागि शौचालय निर्माण, उन काट्ने र खसी बनाउने उपकरणमा सहयोग गरिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाल सरकारमार्फत प्राप्त सशर्त अनुदान रु १० लाख, गाउँपालिकाको रु चार लाख र समूहमा आबद्ध कृषकको चार लाख ६६ हजार लगानीमा भेडापालन प्रवर्द्धन र व्यवस्थापनका लागि खर्च गरिएको हो ।

# तीज पर्वलाई घरमै सीमित बनाइने

पोखरापत्र संवाददाता
बागलुङ, ११ भदौ

बागलुङमा लामो समयदेखि जारी निषेधाज्ञा खुकुलो बनाइएको छ । निषेधाज्ञा खुकुलो बनाइए पनि आउँदै गरेका चाडपर्व मनाउन भने कडाइ नै गरिएको छ । जिल्ला प्रशासन कार्यालयले तीज कार्यक्रम नगर्न अनुरोध गर्दै तीजलाई घरमै सीमित राख्न आग्रह गरेको छ ।

गत वैशाख २१ गतेदेखि निषेधाज्ञा जारी गरिएको भए पनि गतसाउन २८ गते अघि निषेधाज्ञामामा केही खुकुलो गरिएको थियो । निषेधाज्ञा खुकुलो भएपछि कोरोना भाइरस सङ्क्रमणको सक्रिय दर बढेर ७४० पुगेपछि गत साउन २८ गतेयता अत्यावश्यकबाहेकका सबै सेवा बन्द गरिएको थियो । कोभिड सङ्कट व्यवस्थापन केन्द्र (डिसिएमसी)को जिल्ला प्रशासन कार्यालयमा बिहीबार बसेको बैठकले बजार र सार्वजनिक यातायात खुला गर्ने निर्णय गरेको बागलुङ नगरपालिकाका नगर प्रमुख जनकराज पौडेलले बताउनुभयो ।

केही दिनयता कोरोना सङ्क्रमण दरमा विस्तारै कमी आएकाले आजदेखि बजार, पसल, उद्योग व्यवसाय, सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनका लागि खुला गरिएको प्रमुख जिल्ला अधिकारी तथा कोभिड सङ्कट व्यवस्थापन केन्द्रका संयोजक शिवकुमार कार्कीले जानकारी दिनुभयो । "विस्तारै कोरोना घटेपछि पुनः निषेधाज्ञामा खुकुलो बनाइएको हो", प्रजिअ कार्कीले भन्नुभयो, "स्वास्थ्य सचेतना अपनाउँदै जनजीवन सहज बनाउँदै लैजाने सरोकारवालाको नीति छ, व्यवसायीको मारलाई समेत मध्यनजर गर्दै खुकुलो बनाएको हो ।" बिहान ७ बजेदेखि बेलुका ६ बजेसम्म स्वास्थ्य मापदण्ड अपनाएर पसल तथा व्यवसाय सञ्चालन गर्ने, वित्तीय संस्था, बैंक, सहकारी संस्था, मनिट्रान्सफर खुला रहनेछन् ।

सहकारीले भने घरदैलो बचत सङ्कलन गर्न नपाइने, तीज कार्यक्रम गर्न नपाइने, मेला महोत्सव तथा धार्मिकस्थल खुला राख्न नपाइने भएको छ । धार्मिकस्थलमा भने नित्य कर्म मात्रै गर्न पाइनेछ ।

यस्तै आवसीय होटल, रेष्टुराँ र खाजाघर सञ्चालन गर्न पाइने भए पनि पार्टी प्यालेस, जिमघरलगायत तालिम तथा सेमिनार गर्न पाइने छैन । बिहीबारसम्म जिल्लामा ३४८ सक्रिय सङ्क्रमित छन् । कोरोना भाइरस सङ्क्रमणबाट जिल्लामा हालसम्म ६५ जनाको मृत्यु भएको छ ।

# पहिराले नदी थुनिनेक्रम बढ्दो

पोखरापत्र संवाददाता
म्याग्दी, ११ भदौ

रघुगङ्गा गाउँपालिका-६ रायखोरको पहिरो खसेर बिहीबार थुनिएको रघुगङ्गा नदीमा करिब एक किलोमिटर लामो, १५ मिटर चौडाइ र १० मिटर गहिरो तलाउ बनेको छ ।

तलाउ भरिएर कालीगण्डकीको सहायक रघुगङ्गा नदी पुरानै स्वरुपमा बगे पनि निरन्तर खसिरहेको पहिरो र तलाउको सतह नघटेकाले जोखिम कायमै रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । गत साउन ८ गते धौलागिरि गाउँपालिका-१ खास्टा भन्ने ठाउँमा पहिरो खसेर म्याग्दी नदीको सहायक गुर्जा खोला थुनिँदा बनेको तलाउ अझै छ । रघुगङ्गा र गुर्जाको तलाउ एकै पटक फुटेर बगेका अवस्थामा तटीय क्षेत्रमा बाढी आउने र कटान गर्ने जोखिम हुने भएकाले सतर्कता अपनाउन प्रशासनले आग्रह गरेको हो ।

कालीगण्डकी, म्याग्दी र रघुगङ्गा जलाधार क्षेत्रमा विभाजित जिल्लामा बर्सेनि पहिरोले नदी थुनिने, बाढी आउने र कटान गर्ने समस्या छ । म्याग्दीसमेत कार्यक्षेत्र भएको भू-तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतका प्रमुख दिवाकर पौडेल कमजोर भूगोल र भिरालो जमिन भएको म्याग्दीमा गहिरिएर बगेका नदी थुनिने जोखिम धेरै भएको बताउनुहुन्छ ।

"खोलाभन्दा माथिल्लो क्षेत्रको जमिन धेरै भिरालो मात्र होइन पहाडको चट्टान र माटो कमजोर छ", उहाँले भन्नुभयो, "अत्यधिक वर्षा, भूकम्प, विकास निर्माणजस्ता प्राकृतिक र मानवीय कारणले जमिन असन्तुलित भएर पहिरो खस्दा साँघुरो भई गहिरिएका खोला थुनिएका हुन् ।" जिल्लामा बर्खा र हिउँद याम दुवै समयमा पहाड भत्किएर तथा पहिरो खसेर नदी थुनिएको इतिहास छ । बर्खामा बर्सातको कारण खसेको पहिरोले नदी थुनिने गर्छ । हिउँदमा भूकम्प र आफैँ पनि सुक्खा पहिरो गएको एक दशकभन्दा बढी समय म्याग्दीमा बसेर काम गर्नुभएका उहाँले बताउनुभयो । विसं २०७२ जेठमा बैसरी, २०५६ असोजमा भुरुङ-तातोपानी, २०४५ असोजमा छ्यारछ्यारे, २०४२ मा दाना, २०७३ मा बेगखोला, २०६८ मा पाखापानीको औल, २०७५ मा मराङखोला र रघुगङ्गा, २०७७ मा अन्नपूर्णको रुप्से, मङ्गलाको हिलवाङखोला थुनिँदा ठूलो जनधनको क्षति भएको थियो । भूकम्पले चर्किएको अन्नपूर्ण गाउँपालिकाको काफलडाँडास्थित पहाडसहित खसेको पहिराले ३० घरधुरीको बसोबास भएको रघुगङ्गा गाउँपालिकाको बैसरी पुरिनुका साथै कालीगण्डकी नदी १८ घण्टा थुनिएको थियो । म्याग्दी नदीलाई करिब एक घण्टा थुनेको र सिङ्गो बस्तीनै पुरेको छ्यारछ्यारेको पहिरोले १०४ जनाको ज्यान लिएको थियो । बेगखोला थुनिएर आएको बाढीले विसं २०७३ भदौमा एक जना मानिस, ११ वटा घर, झोलुङ्गे पुल र बेनी-जोमसोम सडकको बेलिब्रिज बगाएको थियो । मालिका गाउँपालिकाको रितुङ, रघुगङ्गाको घारखोला, अन्नपूर्णको नीलगिरि, घलेम्दी, दोवाखोला पनि थुनिने गर्छन् । कमजोर भूवनोट र भिरालो जमिन भएको ठाउँमा जलविद्युत् आयोजना निर्माणका लागि गरिएको बलास्टिङ र सडक निर्माणका क्रममा डोजर चलाउँदा हुने कम्पनले जमिनलाई हलचल गराएको छ । जिल्लाका अधिकांश बस्ती नदीको तटीय क्षेत्र र पहाडको शिरमा छन् । सहायक नदीमा आउने बाढी म्याग्दी र कालीगण्डकी नदीमा मिसिन्छ । विसं २०७५ भदौ अन्तिममा बगरखोला भन्ने ठाउँमा खसेको पहिरोका कारण राहुघाट नदी थुनिएर आएको बाढीले झोलुङ्गे पुल, घ्याँसीखर्कको रितुङ माविको भवन, केही घर, गलेश्वर र बेनी बजार संरक्षणका लागि निर्माण भएको तटबन्ध बगाएको थियो ।

# कुश्माकी एक महिलाको कुवेतमा मृत्यु

पोखरापत्र संवाददाता
पर्वत, ११ भदौ

रोजगारीका लागि कुवेत पुगेकी एक महिलाको मृत्यु भएको छ । कुश्मा नगरपालिका-११, गैरीटोल घर भई केही वर्ष अघिदेखि कुवेतमा कार्यरत पुतली परियारको मृत्यु भएको हो । परियारको २४ अगस्ट २०२१ अर्थात् मङ्गलबार मृत्यु भएको नेपाली दुतावासले जनाएको छ । उहाँको मृत्युको कारण खुलेको छैन ।

नेपाली राजदूतावास कुवेतका द्वित्तीय सचिव श्रीकृष्ण सिलवालले दिएको जानकारीअनुसार परियारको मृतु भएको प्रारम्भिक जानकारी दूतावासमा आएको बताउनुभयो । राहदानी नं १०३० ९३१७ की परियारको अभिलेख हेर्दा उहाँले सन् २०१४ मा साउदी अरबका लागि श्रम स्वीकृति लिएको देखिएको छ । बयालीस वर्षीया पुतली अहिले अवैधानिकरूपमै कुवेतमा काम गर्दै आएको दूतावासले जनाएको छ ।

# ढोलठानामा सोह्रौँ शताब्दीका सामग्री भेटिए

–सन्तोष गौतम
म्याग्दी, ११ भदौ

म्याग्दीको बेनी नगरपालिका-९ र ५ को सिमानामा पर्ने तत्कालीन पर्वत राज्यको राजधानी ढोलठानामा सोह्रौँ शताब्दीका ऐतिहासिक सामग्री भेटिएका छन् ।

ढोलठानामा पार्क (उद्यान) निर्माणका लागि जग्गा व्यवस्थापन गर्ने क्रममा जमिनभित्र मल्लकालिन सामग्रीहरू भेटिएका हुन् । ढोलठाना समेटिएको निलबराह सामुदायिक बन उपभोक्ता समूहका अध्यक्ष सागर बानियाले पार्क निर्माणका क्रममा भेटिएका प्राचीन सामग्री सुरक्षित रुपमा राखिएको बताउनुभयो । तत्कालीन दरबार निर्माणमा प्रयोग भएका काठ, चट्नी र नुन पिस्ने सिलौटो, झिङगटी, घरका पिल्लर, इटाहरू भेटिएका उहाँले जानकारी दिनुभयो । "जमिनको सतह भित्र तत्कालीन मल्ल राजाका पालाका पुरातात्विक महत्वका सामग्री छन्", उहाँले भन्नुभयो, "भेटिएका सामग्रीलाई सुरक्षित रुपमा राखेका छौ । त्यसको सुरक्षा र संरक्षणका लागि वडा, नगरपालिकालाई अनुरोध गरेका छौ ।" राजबम मल्लको समयमा विसं १६३१ देखि राजाहरू हिउँदका चार महिना बेनी र अरू आठ महिना ढोलठानामा बसेर तत्कालीन पर्वत राज्य सञ्चालन गरेको इतिहास छ । पर्वत राज्य नेपालमा विलय भएको विसं १८४३ सम्म ढोलठानामा सो राज्यको राजधानीका रुपमा रहेको थियो । नेपाल एकिकरणपछि दरबार भत्किएकाले त्यहाँभित्र रहेका सामग्रीहरू भग्नावशेषमा परिणत भएका छन् । डिभिजन वन कार्यालय म्याग्दीको सहयोगमा ढोलठानामा सार्वजनिक शौचालय, पदमार्ग र बगैँचा निर्माण गरेर पार्क बनाइएको छ । पार्क बनाउन वन डिभिजन कार्यालयले गत आवमा रु पाँच लाख बजेट विनियोजन गरेको थियो । यसैगरी बेनी नगरपालिकाले ढोलठाना पुग्ने सडक स्तरोन्नति, पदमार्ग र प्रतीक्षालय निर्माण गरेको छ । चमचा डिलदेखि ढोलठानासम्म दुई सय मिटर ढुङ्गाको सिँढी चिनेर नयाँ पदमार्ग र प्रतीक्षालय निर्माण गरेको वडाध्यक्ष बेलबहादुर चोखालले जानकारी दिनुभयो । उहाँका अनुसार गत आवमा ढोलठाना जोड्ने सडक स्तरोन्नतिमा रु नौ लाख, पदमार्ग निर्माण लागि रु चार लाख र प्रतीक्षालय बनाउन रु दुई लाख बजेट खर्च भएको छ । समुन्द्री सतहदेखि एक हजार सात सय मिटर उचाइमा अवस्थित ढोलठाना पर्यटकीय हिसाबले पनि महत्वपूर्ण छ । पुरातात्विक सम्पदाको साथै धवलागिरि, अन्नपूर्ण, निलगिरि लगायत दर्जनौ हिमाल, सुर्योदयको मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ । नागबेली परेर बगेको म्याग्दी नदीको साथै पर्वत र बागलुङका बजार तथा बस्ती अवलोकन गर्न पाउनु ढोलठानाको थप विशेषता हो ।